# महिला अधिकारको दृष्टिकोणबाट नेपाल नागरिकता ऐन (शंसोधन विधेयक)२०८१ विषयक छलफल कार्यक्रमको प्रतिवेदन।

## पहिलो कार्यक्रम

स्थान :- नेपाल बार एशोसियशन सधाकक्ष रामशाहपथ काठमाडौं ।

मिती :- २०८१/११/२५

आयोजक :- सर्वोच्च अदालत बार एशोसियशन, कानून व्यवसायी महिला समिति।

कार्यक्रम प्रस्तोता :- वरिष्ठ अधिवक्ता सुनिता रेग्मी ज्यू ।

कार्यक्रमको अध्यक्षता :- सर्वोच्च अदालत बार एशोसियशन, कानून व्यवसायी महिला समितिका पदेन अध्यक्ष पुनदेवी महर्जन ज्यू।

कार्यक्रम संचालन :- सर्वोच्च अदालत बार एशोसियशन, कानून व्यवसायी महिला समितिका सदस्य सचिव शशी बस्नेत ज्यू।

स्वागत मन्तव्य :- सर्वोच्च अदालत बार एशोसियशन, कानून व्यवसायी महिला समितिका सदस्य सगीना शाक्य ज्यू।

**प्रस्तोता सुनिता रेग्मी ज्यू :-**

- नागरिकता मानव अधिकारको विषय भएकोले Political lens बाट हेरिनु हुँदैन Human Rights को lens हेरिनु पर्दछ भन्दै विधेयकमा समावेस गरिएका विभिन्न शंसोधन माथि छलफल गर्दै प्रष्ट पार्नु भयो ।
- यो संसोधन विधेयक संविधान विपरित जान मिल्दैन त्यसैले धेरै Criticize गर्नु पनि हुँदैन।
- सर्वोच्चबाट नागरिकताको सवालमा जति case मा निर्णय भएका वा writ जारी भएका छन् सम्बन्धीत पक्षको हकमा मात्र लागु भएको र कार्यान्वयन भएका छन।अन्य व्यक्तिको हकमा लागु भएका छैनन।
- यो संसोधन विधेयकमा दफा (४क), (५क), (५ख) दफा ८(१)) पछि (१क), दफा १८, दफा २२ (क) लागायतमा शंसोधन र थप प्रावधान राखी विधेयक संसोधन को लागी पेश भएको छ।
- स्वघोषणा सम्बन्धी ब्यबस्था शंसोधन नगरेको भए पनि हुने भन्ने लागेको छ।किन कि यसमा स्वघोषणा झुठो ठहरेमा सजायको ब्यबस्था समेत रहेको छ।स्वघोषणा किन राख्नु पर्यो ? महिलालाई दोस्रो दर्जाको नागरिक ठान्यो राज्यले।

- बावुको पहिचान नभएको भन्ने ब्यबस्थाले महिलाको स्वतन्त्र अस्तित्वलाई स्वीकार नगरिएको हो।

- महिला जहिले पनि पुरुषको छत्रछायामा बस्नु पर्दछ भन्ने मान्यता हो।
- असल चाल चलन र मानसिक रूपमा सक्षम हुनु पर्ने भन्ने ब्यबस्था छ।मानसिक रूपमा सक्षम नभए पनि नागरिकताबाट बन्चित गर्न मिल्छ ?
- नेपाली महिलाले विदेशी नागरिकसँग विवाह गरि बच्चा जन्मेमा अंगिकृत नागरिकता ब्यब्स्था नै विभेदकारी भएको हुँदा पितृसत्तात्मक सोचबाट प्रेरित भएको छ।
- नेपाली महिलाको Right to marriage लाई रोक लगाइएको छ, नेपाली बाहेक अन्यसँग विवाह गरेमा तपाईको बच्चाको विचल्ली हुन्छ भन्ने हो।

**चुनौतीः-**

नेपालका आमाहरुलाई विनाशर्त बच्चाको नागरिकता दिने व्यवस्था गर्नु पर्दछ।सोही बमोजिम संविधान संशोधन गरौं।

**<u>अधिवक्ता शन्तिदेवी खनाल ज्यू</u>**

- नेपालमा हामीहरु जान्ने भएदेखि महिलाहरू विभेदमा छौं भन्ने कुरामा जानकार छौं ।
- विदेशी महिला र पुरुषसँग विवाह गरि जन्मेका बच्चाको नागरिकता दिने व्यवस्थामा किन विभेद गरियो ? किन समानता भएन ?
- एउटै घरको वंश छोरा र छोरीमा विभेद गरेको छ।नेपाली महिलाले विवाह भयो भने भान्जा भान्जीलाई वंशजको नागरिकता दिन हुँदैन भन्ने मानसीकता देखिन्छ।अंशको अधिकार त प्राप्त भयो तर वंशको अधिकारमा विभेद गरिएको हुँदा यो प्रावधान शंसोधन गर्नु पर्दछ।

**<u>वरिष्ठ अधिवक्ता डा. सुषमा बास्कोटा</u>**

- १७९७ मा अमेरिकी राष्ट्रपति John Lock ले Remember the lady भनि सम्बोधन पछि महिलालाई पनि सोहि अधिकारहरु प्राप्त भएका हुन र, Voting Right पनि पछि गएर प्राप्त गरेका हुन।शंसोधन विधेयकमा दफा (५), दफा ८ मा (१क), दफा- (२२क) लगायत विभिन्न दफाहरु थप गरिएको छ सर्वोच्च अदालत बाट प्रतिपादित नजिर अनुकुल पनि संसोधन गरिएको छ।
- दफा (२२क):- नाबालकलाई परिचयपत्र दिने भन्ने ब्यबस्था अत्यन्त राम्रो छ।

**<u>आधिवक्ता डा. विष्णु बस्याल ज्यू</u>**

- छोरा छोरीलाई जन्म दिने आमा तर नागरिकता दिने वेलामा वावु चाहिने व्यवस्था विभेदकारी छ। यस्तो व्यवस्थालाई हामी समाधान हुने किसिमवाट अगाडी बढनु पर्दछ।
- हाल नेपालमा पनि leaving together, IVF system बाट बच्चा जन्माउने प्रचलन शुरु नै भै सकेको छ यसलाई पनि Individual Right को रुपमा सम्बोधन गर्नु पर्दछ।
- दिगो विकासको लक्ष्यमा २०३० सम्म महिला र पुरुषलाई हरेक कुरामा Equality दिन्छौं भनेका छौं तर हरेक क्षेत्रमा महिलाको उपस्थिति ३३% पनि पुग्न सकेको छैन।
- २०३० आउन कति समय बाँकी छ र ? महिलाको अधिकार सन्तान माथी नहुने हो भने सन्तान नै नजन्माउने हो की सोच्नु पर्ने भएको छ। अधिकार शर्त राखेर लिने कि नलिने ? कानूनमा बाबु आमा मध्ये कसको थर राख्न पाउने व्यवस्था छ। नागरिकताको सवालमा विषेश कानून बनाउन पनि सकिन्छ।

<u>अधिवक्ता शुसीला चौधरी</u>

- शंसोधन विधेयक २०८१/१०/१५ मा दर्ता भई सक्यो हामीहरुले, शंसोधनमा सहयोगी भूमिका खेल्नु पर्नेमा बल्ल छलफल गर्दैछौं। यो विधेयक संसोधन भई पारित भयो भने यो यो विषयमा हामी महिला मार्कामा पर्दछौ भनि हामीहरुबाट खबरदारी भयो कि भएन?

<u>अधिवक्ता जमुना भूषाल</u>

- विवाहित महिलालाई नागरिकताको प्रतिलिपी लिन जाँदा पनि विभिन्न समस्याहरु झेल्नु परेको छ।

<u>अधिवक्ता टेक्सन</u>

- विवाहित महिलाले श्रीमानकोबाट नागरिकता लिन समेत problem छ।
- विभिन्न नजिरहरु नागरिकताको सवालमा प्रतिपादन भएका छन् तर नागरिकता प्रदान गर्ने निकायका व्यक्तिहरु नजिरका बारेमा अनभिज्ञ छन। कार्यान्वयन भएका छैनन। यो Gap बाई कसरी पुरा गर्ने ? संविधानमा नै संसोधन गर्नु पर्दछ अन्यथा यो प्रभावकारी हुन सक्दैन।

<u>वरिष्ठ अधिवक्ता विष्णुमाया भुषाल</u>

- संविधान नै विभेदकारी छ। हामीहरुले जिवनभर नै यि विभेदकारी विषय उठाई राख्नु पर्दछ।
- Right to equality को कुरा गर्दा हामी महिला मात्र नभएर यो देशका नागरिक पनि हो। त्यसैले महिला र पुरुषवीच विभेद हुनु हुँदैन।
- विदेशी महिलाले नेपाली पुरुषसँग विवाह गरेमा तुरुन्तै नागरिकता दिने व्यवस्था पनि हुनु हुँदैन। यसमा छलफल गर्नु पर्दछ।

**बरिष्ठ अधिवक्ता उषा मल्ल पाठक न्यू**

- नन्दको नाममा भाउजुले सर्वोच्च अदालत वारमा Pro Bono पुरस्कार स्थापना गरेकोमा यसपाली, उक्त पुरस्कार मैले प्राप्त गरेकोमा उक्त रु.५,०००/- को पुरस्कार चेक मार्फत सर्वोच्च अदालत बार एशोसियसन महिला समितिलाई यस समितिका पदेन अध्यक्ष पुन्देवी महर्जन ज्यू लाइ हस्तान्तरण गर्दछु।

<u>**अधिवक्ता श्रृजना कंडेल** ज्यू</u>

- नागरिकता प्राप्त गर्ने सवालमा निकै कठिनाईहरु रहेका छन् यस्ता कठिनाइलाई सम्बोधन गर्नु पर्दछ ।

<u>**अधिवक्ता पुन्देवी** महर्जन ज्यू</u>

पदेन अध्यक्ष- सर्वोच्च अदालत बार एशोसिएशन महिला समिति ।

- Life, liberty र Dignity लाई आत्मसाथ गर्दै विभेदकारी रहेका संविधानका प्रावधानलाई शंसोधन गर्नु पर्दछ।
- कुनै पनि बालबालिकालाई राज्यविहिन बनाउन मिल्छ कि मिल्दैन ?